# नेपाल गजेट

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ११ ] काठमाडौं, ज्येष्ठ १५ गते २०१८ साल [ अतिरिक्ताङ्क ५

श्री ५ को सरकार

कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०१८ सालको ऐन नं. ४

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्वि राजन्य प्रोज्ज्वल नेपाल तारा अतिओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्ग देवानाम् सदा समरविजयिनाम् ।

### विनियोजन ऐन २०१७ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– विनियोजन ऐन, २०१७ (यस पछि मूल ऐन भनिएको) लाई संशोधनगर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधानको धारा ५५ अनुसार यो ऐन बनाइबक्सेकोछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नामः यो ऐनको नाम विनियोजन (संशोधन) ऐन, २०१८ रहेको छ।

२. मूल ऐनको दफा २ मा संशोधनः– मूलऐनको दफा २ मा रहेको नेपाली रूपैयां २६,६०,२२,००० छब्बीस करोड साठी लाख बाइस हजारको बदला २६,५६,९९,००० छब्बीस करोड उनान्सठ्ठी लाख उनानसय हजार राखिएकोछ।

३. मूल ऐनको अनुसूचीहरूमा संशोधनः– मूल ऐनको अनुसूची (क) र (ख) को सट्टा क्रमशः निम्नलिखित (क) र (ख) राखिएकोछ।

## अनुसूची (क)

| १ | २ | ३ | | |
|---|---|---|---|---|
| शीर्षक संख्या | शीर्षक | हद रकम | | |
| | | हद रकम संचित-कोषप्रति व्ययभार हुने ने. रू. हजारमा | हद रकम श्री ५ महाराजाधिराज-को स्वीकृतिले संचित कोषबाट व्यय हुने ने. रू. हजारमा | जम्मा ने.रू. हजारमा |
| १. | श्री ५ महाराजाधिराज तथा राज परिवार | ६३,५७ | – | ६३,५७ |
| २. | श्री ५ को सरकारको सचिवालय मन्त्रिमंडल | – | ४२,४२ | ४२,४२ |
| ३. | मन्त्रि मण्डल | – | ८,८३ | ८,८३ |
| ४. | निर्वाचन कमिशन | १,४२ | — | १,४२ |
| ५. | पब्लिक सर्भिस कमीशन | १,३२ | – | १,३२ |
| ६. | प्रतिनिधि तथा महासभा | – | ५,३४ | ५,३४ |
| ७. | न्याय विभाग | ३,५८ | ३०,७९ | ३४,३७ |
| ८. | महालेखा | १६० | – | १६० |
| ९. | एकाउन्टेन्ट | – | ८८० | ८८० |
| १०. | भंसार | – | १८,२१ | १८,२१ |
| ११. | अन्तः शुल्क | – | १,०२ | १,०२ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| १२. | कर विभाग | — | २,२८ | २,२८ |
| १३. | मालपोत | — | ५२,३५ | ५२,३५ |
| १४. | शिक्षा | — | ४०,७३ | ४०,७३ |
| १५. | स्वास्थ्य | — | २१,६८ | २१,६८ |
| १६. | खाद्य | — | ६२,७५ | ६२,७५ |
| १७. | वन | — | ११,४१ | ११,४१ |
| १८. | कृषि | — | ५,२६ | ५,२६ |
| १९. | यातायात | — | ४२,६९ | ४२,६९ |
| २०. | बिजुली | — | १६,७४ | १६,७४ |
| २१. | हुलाक | — | १८,१० | १८,१० |
| २२. | टेलिकम्युनिकेशन | — | ६,६५ | ६,६५ |
| २३. | म्यूजियम | — | ६८ | ६८ |
| २४. | पुरातत्व | — | २,६९ | २,६९ |
| २५. | प. व. रोडस | — | ४५,४१ | ४५,४१ |
| २६. | प. व. बिल्डिङ्स — | — | ४०,४३ | ४०,४३ |
| २७. | प्रचार — | — | ३७४ | ३७४ |
| २८. | रेडियो — | — | १६२ | १६२ |
| २९. | वाणिज्य विभाग — | — | १४,३७ | १४,३७ |
| ३०. | उद्योग — | — | १,३४ | १,३४ |
| ३१. | नहर खाने पानी — | — | ५९८ | ५९८ |
| ३२. | टक्सार— | | १२,११ | १२,११ |
| ३३. | जिल्ला प्रशासन— | | २६,३५ | २६,३५ |
| ३४. | वैदेशिक कूटनैतिक — | | ६२,५५ | ६२,५५ |
| ३५. | पुलिस — | | १०५,५२ | १०५,५२ |
| ३६. | जेल — | | १६,९८ | १६,९८ |
| ३७. | रक्षा — | | १७४,१८ | १७४,१८ |
| ३८. | स्वायत्त शासन— | | १६,६६ | १६,६६ |
| ३९. | चिडियाखाना— | | १,९८ | १,९८ |
| ४०, | पेन्सन भत्ता उपदान | | १८,९० | १८,९० |
| ४१. | मुआवजा— | | ८९,१८ | ८९,१८ |
| ४२. | पुनः मतदान माग्ने— | | १२,०० | १२,०० |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ४३. | आकस्मिक कोष सोध भर्ना गर्न— | | ६०० | ६०० |
| ४४. | विविध — | २०,०० | ८८,८४ | १०८,८४ |
| | | ९१,४९ | ११,४९,५६ | १२,४१,०५ |

## अनुसूची (ख)

| १ | २ | ३ | |
|---|---|---|---|
| | | हद रकम | |
| शीर्षक संख्या | शीर्षक | हद रकम श्री ५ महाराजाधिराजको स्वीकृतिले संचितकोष-बाट व्यय हुने ने.रू. हजारमा | जम्मा ने. रू. हजारमा |
| १. | ग्राम विकास | ९६,१० | ९६,१० |
| २. | कृषि | ६६,६४ | ६६,६४ |
| ३. | सर्भे | ३८,५० | ३८,५० |
| ४. | सहकारी विभाग | २२,१२ | २२,१२ |
| ६. | नहर खानेपानी | ९७,६० | ९७,६० |
| ७. | वन | ७२,२६ | ७२,२६ |
| ८. | सडक | १२२,८६ | १२२,८६ |
| ९. | रोपवे | ३२,२० | ३२,२० |
| १०. | रेल्वे | ११,११ | ११,११ |
| ११. | हवाई | २४,०० | २४,०० |
| १२. | हुलाक | ५,८० | ५,८० |
| १३.-१४ | टेलिकम्युनिकेशन | ६,८२ | ६,८२ |
| १५. | बिजुली | ११८,६० | ११८,६० |
| १६. | उद्योग | १६१,६३ | १६१,६३ |
| १७ | खानी | १२,६२ | १२,६२ |

१३६

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| १८. । टुरिजम | ७,०० | ७,०० | |
| १९. । रापति | २१,४० | २१,४० | |
| २०. । निर्माण | ४३,६५ | ४३,६५ | |
| २१. । स्वास्थ्य | ८०,४५ | ८०,४५ | |
| २२. । शिक्षा | २०४,७५ | २०४,७५ | |
| २३. । स्थानीय सुधार | २१,०० | २१,०० | |
| २४. । विविध | ११८,२० | ११८,२० | |
| | १४१८९४ | १४१८९४ | |

लालमोहर सदर मिति २०१८।२।१३।६

आज्ञाले
(उदयप्रसाद उपाध्याय)
श्री ५ को सरकारका सहसचिव
कानून, न्याय तथा संसदीय प्रबन्ध मंत्रालय

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएकोछ ।

२०१८ सालको ऐन नं. ५

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमानमानोन्नत श्रोजस्वि राजन्य प्रोज्ज्वल नेपालतारा अतिश्रोजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोरखादक्षिणबाहु महाधिपति फिल्डमार्शल र सर्वोच्च कम्याण्डर इन-चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम् ।

## नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूर सम्बन्धी ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः— नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूर सम्बन्धी ऐन, २०१६ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्नु वान्छनीय भएकोले, ।

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधानको धारा ५५ अनुसार यो ऐन बनाइबक्सेकोछ —

१३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भः— (१) यो ऐनको नाम नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूर सम्बन्धी ( संशोधन ) ऐन, २०१८ रहेकोछ।

(२) मूल ऐन प्रारम्भ भएका मितिदेखि यो ऐन प्रारम्भ हुनेछ।

२. मूल ऐनको दफा २ मा संशोधनः— (१) मूल ऐनको दफा २ को खंड (ङ) को देहाय (२) को सट्टा निम्नलिखित (२) राखिएकोछः—

"(२) तेल, पानी, वा फोहोर मैला पम्प गर्ने कार्य"।

(२) मूल ऐनको दफा २ को खंड (ट) पछि निम्नलिखित खंड (ठ), (ड), (ढ), (ण) र (त) थपिएकोछः—

(ठ) "बालिग" भन्नाले १८ वर्षको उमेर पूरा गरेको व्यक्ति सम्झनुपर्छ।

(ड) "नाबालिग" भन्नाले १४ वर्षको उमेर पूरा गरेको तर १८ वर्षको उमेर पूरा गरी नसकेको व्यक्ति सम्झनुपर्छ।

(ढ) "केटाकेटी" भन्नाले १४ वर्षको उमेर पूरा गरी नसकेको व्यक्ति सम्झनु पर्छ।

(ण) "वेतन" भन्नाले कारखानाको कर्मचारीले कारखानाको काम गरे बापत पाउनु पर्ने नगदी वा जिन्सी रकम सम्झनुपर्छ।

(त) "कारखानाको कर्मचारी" भन्नाले मजदूर र अन्य किसिमका कारखानाको कर्मचारीलाईसमेत जनाउँछ।

३. मूल ऐनको दफा १७ मा संशोधनः— मूल ऐनको दफा १७ को मार्जिनल नोटमा रहेको "केटाकेटी" सब्दको सट्टा "नाबालिग" शब्द र सोही दफामा रहेको "अठार वर्ष ननाघेका कुनै पनि केटाकेटी" शब्दहरूको सट्टा "कुनै पनि नाबालिग" शब्दहरू राखिएकोछ।

४. मूल ऐनको दफा २० पछि दफा २० क थप्ने:— मूल ऐनको दफा २० पछि निम्नलिखित दफा २० क थपिएकोछ :—

२० क. नमूना लिने अधिकार :—(१) स्थानीय इन्स्पेक्टरले देहायको अवस्थामा कारखानाको मालिकलाई सूचना दिई काम भइरहेको समयमा निजलाई उपस्थित हुन अनुरोध गरी कारखानामा प्रयोग भइरहेको कुनै पनी पदार्थको नमूना संकलन गर्न सक्नेछः—

(क) सो पदार्थको प्रयोग स्थानीय इन्सपेक्टरको रायमा यस ऐन वा सो अन्तर्गत बनेको नियमको व्यवस्थाको विपरीत भएमा, वा

(ख) सो पदार्थ जुन किसिमसंग प्रयोग भैराखेकोछ। त्यसबाट मजदूरको शरीरमा घाउ हुन सक्ने वा निजको स्वास्थ्यलाई हानी पुग्न सक्ने भएमा।

१३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) स्थानीय इन्सपेक्टरले उपदफा (१) बमोजिम नमूना संकलन गरेमा सो नमूनाको तीन खण्ड गरी भिन्ना भिन्नै बोतलमा प्याक गरी आफ्नो र कारखानाको मालिकले चाहेमा निजकोसमेत सील छाप लगाई आफ्नो निमित्त एउटा बोतल राखी कारखानाको मालिक र श्री ५ को सरकारको उद्योग विभागलाई एक एक बोतल दिईपठाउनु पर्छ।

(३) उपदफा (२) बमोजिम संकलन भएको पदार्थलाई श्री ५ को सरकारको उद्योग विभागले जँचाउने प्रबन्ध गर्नुपर्छ।

(४) उपदफा (३) अन्तर्गत गरिएको जांचको रिपोर्ट अनुसार उपदफा (१) बमोजिम संकलन गरिएको पदार्थ उपदफा (१) को खण्ड (क) वा खन्ड (ख) बमोजिमको छ भनी प्रमाणित हुन आएमा सम्बन्धित कारखानाको मालिक यस ऐन अनुसार सजायको भागी हुनेछ।

५. मूल ऐनको दफा २१ र दफा २२ मा संशोधनः– (१) मूल ऐनको दफा २१ मा रहेको "अठचालीस" शब्दको सट्टा "चवन्न" शब्द राखिएकोछ।

(२) मूल ऐनको दफा २२ को सट्टा निम्नलिखित दफा २२ राखिएकोछः—

२२. प्रतिदिन काम लगाउने घंटाः— (१) दफा २१ को अधीनमा रही कुनै पनि मजदूरलाई प्रतिदिन १० घंटाभन्दा बढी कारखानामा काम गर्न वाध्य गर्न हुँदैन।

(२) कुनै कारखानामा कुनै दिन तोकिएको अवधिसम्म कामगरीसकेको मजदूरलाई सोही दिन सोही कारखानामा वा अन्य कुनै कारखानामा काममा लगाउन वा काम गर्न दिन हुँदैन।

६. मूल ऐनको दफा २४ मा संशोधनः— मूल ऐनको दफा २४ मा रहेको '९ घंटा वा कुनै सप्ताहमा अठचालीसघंटा "शब्दहरूको सट्टा "१० घंटा वा कुनै सप्ताहमा चवन्न घँटा" शब्दहरू राखिएकोछ।

७. मूल ऐनको दफा २९ पछि दफा २७ क थप्नेः—

२७ क. नाबालिग र केटाकेटीहरू बारे :— (१) कुनै केटाकेटीलाई कुनै कारखानामा काम लगाउन वा गर्न दिन हुँदैन।

(२) कुनै नाबालिगलाई बेहान ६ बजेदेखि सांझ ६ बजेसम्म बाहेक कुनै कारखानामा काम लगाउन वा गर्न दिन हुँदैन।

(३) कुनै नाबालिगलाई निरोगिताको प्रमाणपत्र र कारखानाको मालिकबाट सो विषय दिइएको टोकन नभइकन कुनै कारखानामा काम लगाउन वा गर्न दिन हुँदैन।

(४) यस दफाको प्रयोजनको निमित्त श्री ५ को सरकारले डाक्टरको फीसको हद, बालिगको आवश्यक न्यूनतम स्वास्थको स्तर तोक्न र अन्य आवश्यक कुराहरूको प्रबन्ध गर्न नियमहरू बनाउन सक्नेछ।

१३३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. मूल ऐनको परिच्छेद ७ खारेज गरी त्यसको ठाउँमा निम्नलिखित परिच्छेद ७,८ र ९ राखिएको छः-

## परिच्छेद ७

### कल्याणकारी व्यवस्थाहरू

२८. कल्याणकारी अफिसरः– (१) साधारणतः २५० वा सोभन्दा बढी मजदूरहरू काममा लागिराखेको प्रत्येक कारखानामा तोकिए बमोजिमको कल्याणकारी अफिसर कारखानाको मालिकले श्री ५ को सरकारको उद्योग विभागको स्वीकृति लिई नियुक्त गर्नुपर्छ ।

(२) उपदफा (१) अन्तर्गत नियुक्त भएका अफिसरहरूको काम, कर्तव्य योग्यता र नोकरीको शर्तहरू तोकिए बमोजिम हुनेछ ।

२९. बिदाः– कारखानामा काम गर्ने प्रत्ये कर्मचारीले पाउने तलबी र बेतलबी बिदा तोकिए बमोजिम हुनेछ ।

३०. पेन्सन र संचय कोषको सुविधाहरूः— कारखानाका कर्मचारीहरूको निमित्त पेन्सन, संचयकोष र प्रसूती सहायताको प्रबन्ध कारखानाका मालिकले गर्नुपर्छ ।

३१. क्षतिपूर्तिः— कुनै कारखानाको मजदूरलाई कारखानाको काम गर्दा शरीरमा घाउ, चोट, पटक लागेमा वा अंग भंग भएमा वा मृत्यु भएमा सो मजदूर वा निजको परिवारले पाउने क्षतिपूर्तिको दर तोकिए बमोजिम हुनेछ ।

३२. औषधि उपचारः— (१) प्रत्येक कारखानामा प्रत्येक १०० मजदूरहरू को निमित्त एउटा प्राथमिक चिकित्सा बाक्स कारखानाका मालिकले हरबखत औषधि पाइने किसिमसंग राख्नुपर्छ र त्यस्तो औषधिको जिम्मा सो विषय तालिम र राम्रो अनुभव पाएको व्यक्तिलाई दिनुपर्छ ।

(२) ५०० वा सोभन्दा बढ्ता मजदूरहरू एकै समयमा काम गर्ने कारखानामा त्यसको मालिकले कमसेकम एक जना डाक्टरको जिम्मामा एक औषधालय कारखानामा काम भइरहेको समयमा मजदूरहरूको औषधि उपचारको निमित्त रहने व्यवस्था गर्नुपर्छ ।

३३. विश्राम कोठाः— १०० वा सोभन्दा बढी मजदूरहरूले काम गर्ने कारखानामा त्यसको मालिकले मजदूरहरू आराम लिने एउटा विश्राम कोठाको प्रबन्ध गर्नुपर्छ ।

९०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३४. बालखहरूको निमित्त व्यवस्था:- ५० वा सोभन्दा बढी जनाना मजदूरहरू काम गर्ने कारखानामा त्यसको मालिकले ती जनाना मजदूरका ६ वर्ष मुनिका बालखहरू राख्न निमित्त ठाउँ र तिनीहरूलाई खेलाउन तालीम पाएका धाइहरूको सेवाको प्रबन्ध र आवश्यकतानुसार दूध वा खाजाको तोकिएको दरले प्रबन्ध गर्नुपर्छ । आमाको दूध खाने बालखहरूको हकमा आमाको दूध खुवाउन आवश्यकतानुसार आमालाई सुविधा दिनुपर्छ ।

३५. यस परिच्छेदको प्रयोजनको निमित्त नियम बनाउने अधिकारः श्री ५ को सरकारले नेपाल गजेटमा प्रकाशित नियमहरू द्वारा देहायका कुराहरूको व्यवस्था गर्न सक्नेछ:–

(क) कुनै कारखानाको हकमा छुट्टै व्यवस्था गर्ने गरी यस परिच्छेदको सबै वा केही दफाहरूको व्यवस्थाबाट छुट दिने ।

(ख) कुनै कारखानाको हकमा कल्याणकारी व्यवस्थाको प्रबन्ध समितिमा मजदूर प्रतिनिधि शामेल गर्ने ।

## परिच्छेद ८

## वेतन

३६. वेतन दिने जिम्मेदारीः कारखानामा काम लगाइएको प्रत्येक कर्मचारीलाई दिनुपर्ने सबै प्रकारको वेतनको जिम्मेदारी कारखानाको मालिकको हुनेछ ।

३७. वेतनको दरः–(१) कारखानामा काम गर्ने प्रत्येक कर्मचारीको वेतनको निम्नतम दर श्री ५ को सरकारले समय समयमा नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिए बमोजिमको हुनेछ । त्यस्तो वेतन दर निर्धारण गर्दा श्री ५ को सरकारले देहायका तरीकाहरू अपनाउन सक्नेछ:–

(क) श्री ५ को सरकारलाई सल्लाह दिन समिति र एक वा एकभन्दा बढी उपसमितिको गठन गरी विभिन्न ठाउंहरूमा जांचबूझ गराउन, वा

(ख) नेपाल गजेटमा सूचना प्रकाशित गरी सोही सूचनामा तोकिएको अवधि भित्र सोही सूचनामा तोकिएका सम्बन्धित व्यक्तिहरूले श्री ५ को सरकार समक्ष सुझावहरू पठाउन लगाउन ।

(२) श्री ५ को सरकारले अर्कै आदेश दिएमा बाहेक उपदफा (१) अन्तर्गत सूचनाद्वारा तोकिएको वेतनको निम्नतम दर सो सूचना नेपाल गजेटमा प्रकाशित भएको मितिले २॥ अढाइ महीना नगुज्री लागू हुनेछैन ।

१४५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८. **वेतन अवधि तोक्ने**:—दफा ३६ बमोजिम वेतन दिने जिम्मेदारी भएको व्यक्तिले कारखानामा काम गर्ने प्रत्येक कर्मचारीको वेतन अवधि निर्धारित गर्नुपर्छ तर यस्तो वेतन अवधि एक महीनाभन्दा बढी समयको हुने छैन ।

३९. **वेतन कट्टीगर्नमा प्रतिबन्धः**—(१) कुनै कर्मचारीको निजले कारखानामा काम गरे बापतको वेतन देहायको अवस्थामा बाहेक कट्टी गर्न वा निजबाट सो वेतन कारखानाको मालिकलाई बुझाउन लगाउन हुँदैन:—

(क) लागेको जरिवाना कट्टी गर्नुपरेमा,

(ख) काममा गैर हाजीर भए वापत कट्टी गर्नुपरेमा,

(ग) जाना जानी वा लापरवाहीले कारखानाको नगदी जिन्सी, नोक्सानगरे ।

(क) लागेको जरिबाना कट्टी गर्नु परेमा

(ख) काममा गैर हाजीर थप कट्टी गर्नुपरेमा,

(ग) जानी जनी वा लापरवाहीले कारखानाको नगदी जिन्सी नोक्सान गरे बापत वा हराए बापत कट्टा गर्नुपरेमा ,

(घ) तोकिएको सुविधाहरू दिइए बापत कट्टी गर्नुपरेमा,

(ङ) पेश्की वा बढी वेतन दिइएकोमा मिलाउनुपर्ने रकम बापत कट्टी गर्नुपरेमा,

(च) कुनै सरकारी अड्डा वा अदालतले कट्टी गर्ने आदेश दिए बापत कट्टी गर्नुपरेमा,

(छ) श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकि—दिएका अवस्थाहरूमा ।

(२) उपदफा (१) बमोजिम कट्टी हुने अंकको हद, कट्टी हुने तरीका र म्यादसमेत तत्सम्बन्धी अन्य कुराहरूको व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४०, **अनुचित कट्टी गरेमा वा वेतन दिन ढिलाइगरेमा निवेदन**: [१] यस परि—च्छेदका बिभिन्न दफाहरू वा यस ऐन अन्तर्गत बनेको नियमको व्यवस्थाहरूको विपरीत कुनै वेतन अनुचित कट्टी भएमा वा दिन ढिलाई भएमा सम्बन्धित कर्मचारीले आफै वा आफ्नो प्रतिनिधिद्वारा वा स्थानीय इन्सपेक्टर मार्फत स्थानीय इलाका अदालतमा आवश्यक निर्देशनको निमित्त निवेदनपत्र दिनसक्नेछ । त्यस्तो निवेदनपत्र वेतन कट्टी भएको वा वेतन दिन ढिलाइ भएको मितिदेखि अदालतलाई सन्तोषजनक हुने कारण भएमा बाहेक ६ महीना—सम्ममा मात्र दिन सकिने छ ।

९६२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम दाखिल हुन आएको निवेदनको सुनवाइ गर्न सम्बन्धित अदालतले दुवै पक्षलाई आफ्नो आफ्नो सबूद प्रमाण पेश गर्न आदेश दिनसक्नेछ र अदालतको रायमा वेतन कट्टी वा दिन ढिलाइ गरेकोमा कुनै उचित कारण नभए कारखानाको मालिकलाई सो कट्टी गरेको वा दिन बांकी भएको वेतन फिर्ता वा भुक्तानी दिन र कट्टी गरेको वा दिन ढिलाई गरेको वेतनको अंकको बढीमा पांच दोबरसम्म सम्बन्धित कर्मचारीलाई हर्जाना तिर्नपर्ने गरी निर्देश दिन सक्ने छ ।

तर देहायका अवस्थामा वेतन दिन ढिलाइ गरिएको मानिने छैन:–

(क) नजानीकन भूल भएकोमा वा वेतनको रकम निर्धारित गर्न नसकेको मा, वा

(ख) आकस्मिक कुनै घटना भै वा अरू कुनै विशेष कारणबाट कारखानाको मालिकले भरसक कोशिश गर्दा गर्दै पनि वेतन दिन असमर्थ भएकोमा, वा.

(ग) सम्बन्धित कर्मचारीले आफ्नो वेतन नमागेमा वा लिन नमानेमा ।

(३) निवेदन सुन्ने अदालतको रायमा कुनै निवेदन द्वेषपूर्ण नियतले वा कारखानाको मालिकलाई व्यर्थमा दुःख वा हैरानी दिने मनसायले मात्र परेको भन्ने देखिएमा त्यस्तो निवेदकले कारखानाको मालिकलाई बढीमा रू . ५० सम्म हर्जाना तिर्नपर्ने गरी अदालतले निर्देश दिन सक्ने छ ।

(४) यस दफा अन्तर्गत कुनै पक्षले अर्को पक्षलाई तिर्नुपर्ने गरी निर्णय गरिएको कुनै रकम अदालतले आफले प्रचलित नेपाल कानून बमोजिम दंड जरिवाना असूल उपर गर्दाको कार्यप्रणाली अपनाई असूल उपर गराई हक प्राप्त व्यक्तिलाई दिलाइदिनुपर्छ ।

(५) यस दफा अन्तर्गत हर्जाना तिर्नुपर्ने गरी दिइएको कुनै निर्देशले यो ऐन वा सो अन्तर्गत बनेका नियम बमोजिम हुने सजायमा कुनै प्रतिकूल प्रभाव पार्नेछैन ।

४१. अपील:— दफा ४० अन्तर्गत दिइएको कुनै निर्देशमा कुनै व्यक्तिको चित्त नबुझेमा निजले देहायको अवस्थामा सो निर्देशको सूचना पाएका मितिले ३० दिन भित्र स्थानीय जिल्ला अदालतमा अपील गर्न सक्नेछ:—

(क) वेतन वा हर्जाना वा दुवै गरी रू. ५०० वा सोभन्दा बढी रूपैयां तिर्ने गरी इलाका अदालतले कुनै कारखानाको मालिकलाई निर्देश दिएकोमा सो कारखानाको मालिकले,

९६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) कुनै कर्मचारीको वेतनबाट कट्टी भएको रू. ५० भन्दा बढीको रकम इलाका अदालतबाट सदर भएमा सो कर्मचारीले, र

(ग) दफा ४० को उपदफा (३) बमोजिम हर्जाना तिर्ने इलाका अदालतबाट निर्देश भएमा सो हर्जाना तिर्ने कर्मचारीले ।

४२. दफा ३६ देखि दफा ३९ सम्मको कुनै कुरा उल्लंघन गरेमा दंड सजायः– कुनै व्यक्तिले दफा ३६, दफा ३७, दफा ३८, वा दफा ३९ वा त्यस्तो कुनै दफाको व्यवस्थाको सम्बन्धमा यो ऐन अन्तर्गत बनेका नियमको कुनै कुराको उल्लंघन गरेमा निजलाई बढीमा रू. ५०० सम्म जरिवाना हुनेछ ।

४३. जगेडामा रहेको कारखानाको कर्मचारीलाई दिनुपर्ने वेतनः– मेशिन, कलपुर्जा बिग्रेमा वा केही कालको लागि उत्पादनमा कटौती गर्ने आवश्यकता भएमा श्री ५ को सरकारको उद्योग विभागको पूर्व स्वीकृति लिएर कारखाना वा त्यसको सम्बन्धित भाग वन्द गर्न सकिनेछ । यसरी कारखाना वा त्यसको सम्बन्धित भाग वन्द गरिंदा बदलीमा काम गर्ने वा क्याजुयल कारखानाको कर्मचारीबाहेक कारखानाको मष्टर रोलमा नाम दरिएको एक वर्षको अवच्छिन्न नोकरी पूरा गरिसकेको सम्बन्धित प्रत्येक कर्मचारीलाई जगेडामा राख्दा निजले काम गरेको बखत पाउने वेतनको आधा जगेडामा रहुन्जेल दिनुपर्नेछ ।

तर त्यसरी जगेडामा रहेको कारखानाको कर्मचारीले देहायको अवस्थामा त्यस्तो वेतन पाउने छैनः–

(क) सम्बन्धित कारखानाको मालिकको वा निजको नियन्त्रण रहेको सोही कारखाना वा सो कारखाना रहेको शहर वा गाउँमा वा सो कारखानाबाट ३ माइल फासलासम्म जुन कामबाट जगेडामा राखिएको छ सोबाहेक दिइएको अरू काम गर्न इन्कार गरेमा,

(ख) कामको निर्धारित समयमा कारखानामा काम हुन समय भित्र दिनको एक चोटी हाजिर हुन नआएमा, वा

(ग) तोकिए बमोजिमका अरू अवस्थाहरूमा

तर दुईमहीनाभन्दा बढी समयको लागि कारखाना वा त्यसको सम्बन्धित भाग वन्द रहने भएमा सम्बन्धित कर्मचारीलाई एक महीनाको पूर्व सूचना र एक महीनाको वेतन दिई खारेज गर्न सकिनेछ ।

४४. कारखानाको मालिकले कर्मचारी हरूको मष्टर रोल राख्नुपर्नेः– प्रत्येक कारखानाको मालिकले यस परिच्छेदको प्रयोजनको निमित्त एउटा मष्टर रोल राख्न

१५६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लगाउनु पर्ज जगेडामा राखिएका कारखानाका कर्मचारीहरू कामको निर्धारित समय भित्र हाजीर हुन आएमा हाजीर जनाउन पाउने व्यवस्था गरिदिनु पर्छ ।

४५. कारखानाको र कर्मचारीहरूको संख्यामा कटौती गर्दा:— कारखानाको कुनै कर्मचारीले कारखानामा एक वर्षको अवच्छिन्न नोकरी पूरा गरिसकेको भए यस ऐनका विभिन्न दफाहरूमा तोकिएको परिस्थितिमा बाहेक देहाय बमोजिम नगरी खारेज गर्न हुँदैन —

(क) सम्बन्धित कर्मचारीलाई खारेज गर्नाको कारणसमेत खोली एक महीनाको पूर्व सूचना दिएर वा त्यस्तो सूचनाको सट्टा एक महीनाको वेतन दिएर,

तर कर्मचारी र कारखानाको मालिकको बीच भएको कुनै कबूलियत अनुसार खारेज गर्न त्यस्तो सूचना दिन वा त्यसको सट्टा वेतन दिन आवश्यक छैन ।

(ख) सम्बन्धित कर्मचारीले कारखानामा गरेको प्रत्येक एक वर्षको नोकरीको निमित्त निजको पछिल्लो १५ दिनको वेतनको दरले एकमुष्ट क्षतिपूर्ति दिएर,

कुनैवर्षमा घाटीमा ६ महीनासम्म काम गरेको भए यस खण्डको निमित्त एक वर्ष मानिनेछ ।

(ग) श्री ५ को सरकारको उद्योग विभागलाई सम्बन्धित कर्मचारीको खारेजीको सूचना दिएर ।

४६. एक वर्षको अवच्छिन्न नोकरीको परिभाषा:— यो ऐनको दफा ४३ र दफा ४५ को प्रयोजनको निमित्त कारखानाको कुनै कर्मचारीले विगत १२ महीनाको अवधिमा कुनै कारखानामा २४० दिन काम गरेको भए सो कर्मचारीले एक वर्षको अवच्छिन्न नोकरी गरेको मानिनेछ ।

स्पष्टीकरण : कुनै कारखानाको कर्मचारीले काम गरेको दिनको गणना गर्दा देहायकोसमेत गणना गरिनेछ :—

(क) श्री ५ को सरकारले तोकिदिएको जगेडामा राख्न सक्ने अवस्थामा जगेडामा रहेको अवधि, र

(ख) कारखानाको कर्मचारी तलवी बिदामा रहेको अवधि ।

४७. दफा ४३ देखि दफा ४६ सम्मका कुराहरू लागू नहुने कारखाना:- (१) दफा ४३, दफा ४४ दफा ४५ र दफा ४६ मा लेखिएका कुराहरू देहायका किसिमका कारखानाहरूलाई लागू हुने छैन:—

१६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।